जि.प्र.का. सप्तरी द.नं. ११/०४८/०४९ | स.नि.हु.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

वर्ष ३१ | अंक १७ | २०७८ साल साउन २२ गते शुक्रबार (6 Aug. 2021 Friday) | मूल्य रु. ५/-

**Log on :** *rajbirajdainik.com.np*

लागूऔषध रहित परिवार: स्वस्थ जीवनको आधार

- टोलाउने, लठ्ठ परिरहने, एकान्तमा बस्न रुचाउने,
- काममा जान मन नगर्ने, दुब्लाउँदै जाने, सरसफाईमा ध्यान नदिने,
- अनावश्यक खर्च गर्ने लगायत लागूऔषध दुर्व्यसनीका लक्षणहरु हुन सक्छन

यस्ता लक्षण देखिएमा समयमै नजिकको परामर्श केन्द्र वा चिकित्सकसँग सम्पर्क गरौ।

नेपाल सरकार
विज्ञापन बोर्ड

*यस अंक भित्र :* २ पृष्ठमा : ६ महिनासम्म अनिवार्य ... ३ पृष्ठमा : 'एमाले एकतातर्फ ... ३ पृष्ठमा : अमेरिकामा आगामी चार ...

# प्रदेश २ मा ४ दशमलब ४७ ले आपराधिक घटना बृद्धि

## दुई हजार ४ सय ४ फरार प्रतिवादी पक्राउ



प्रदेश २ कोअस्थायी मुकाम जनकपुरस्थित रमानन्द चौकको तस्बिर) । तस्बिर : राजविराज दैनिक

- प्रदेश २ को ८ वटै जिल्लामा ७ हजार २ सय १ अपराधका घटना
- अदालतबाट कैद तथा जरिवाना तोकिसकेपछि भुक्तान नगरि फरार २ हजार ४ सय ४ जना पक्राउ
- महिला हिंसा तथा बलात्कार अपराधका ६ सय १७ घटना
- आत्महत्याका ९ सय ५९ घटना
- कर्तव्य ज्यानका ९३ घटना

**दैनिक समाचारदाता**
**राजविराज, २१ साउन ।**

प्रदेश २ मा गत वर्षको तुलनामा ४ दशमलब ४७ प्रतिशतले आपराधिक घटनामा बृद्धि भएको छ भने विभिन्न मुद्दामा अदालतबाट कैद सजाय तोकिसकेका २ हजार ४ सय २७ जना फरार प्रतिवादीलाई प्रहरीले पक्राउ गर्न सफल भएको छ ।

२ नं. प्रदेश प्रहरी कार्यालयले सार्वजनिक गरेको अपराध तथ्याङ्क अनुसार आर्थिक वर्ष २०७७/७८ मा प्रदेशका ८ वटै जिल्लामा ७ हजार २ सय १ अपराधका घटना भएका छन् भने गत आ.व. २०७६/७७ मा ६ हजार ८ सय ९३ आपराधिक घटना भएका थिए । यस अनुसार आ.व. २०७७/७८ को तुलनामा आपराधिक घटनाहरु ४ दशमलब ४७ प्रतिशतले बृद्धि भएको हो ।

यता आर्थिक वर्ष २०७७/७८ मा विभिन्न तहका अदालतबाट कैद तथा जरिवाना तोकिसकेपछि भुक्तान नगरि फरार रहँदै आएका २ हजार ४ सय ४ जनालाई प्रहरीले पक्राउ गरेको छ भने गत आ.ब. २०७६/७७ मा १ हजार ५ सय ३० जना फरार अभियुक्त र प्रतिवादी पक्राउ परेका थिए ।

आ.व. २०७७/७८ मा सोही अपराधमा संलग्न ४ सय २७ जनालाई पक्राउ गरि ५८ करोड ८२ लाख ५१ हजार ९ सय २६ रुँपैया बराबरको अवैध मालसान जफ्त गरि भन्सार कार्यालयमा बुझाइएको तथ्याङ्कले देखाएको छ ।

आपराधिक घटनामा बृद्धि देखिए पनि फरार प्रतिवादी पक्राउ र चोरी निकासी पैठारीमा पक्राउ र राजश्व असुली भने अत्यन्त उत्साहपूर्ण देखिएको छ । चोरी निकासी पैठारीतर्फ आर्थिक वर्ष २०७६/७७ मा ४ सय १४ जनालाई पक्राउ तथा ३४ करोड ७९ लाख ३५ हजार ३ सय ८५ रुँपैयाको अवैध मालसमान जफ्त गरिएको छ ।

आर्थिक वर्ष २०७७/७८ मा ५ सय ३३ जनाको सवारी दुर्घटनामा ज्यान गएको छ । गत आ.ब. २०७६/७७ मा सवारी दुर्घटनामा ४ सय ६७ जनाले ज्यान गुमाएका थिए ।

यस्तै आ.व. २०७७/७८ मा सामाजिक अपराधका सर्वाधिक १ हजार ८ सय ३२ र संगठित तथा आर्थिक अपराधका १ हजार ५ सय ४३ घटना र महिला हिंसा तथा बलात्कार अपराधका ६ सय १७, आत्महत्याका ९ सय ५९, भवितव्य ज्यानका ४ सय ६७, ज्यान मार्ने उद्योगका ३ सय १० र कर्तव्य ज्यानका ९३ घटना भएको प्रहरी कार्यालयले जनाएको छ ।

आ.व. २०७६/७७ को तुलनामा लागु औषध मुद्दा, दुर्व्यसनी र कारोवारी पक्राउको संख्या पनि बृद्धि भएको छ । आ.ब. २०७६/७७ मा लागु औषधका ६ सय ३५ मुद्दा दर्ता भई ९ सय ६२ जना पक्राउ परेकोमा आर्थिक वर्ष २०७७/७८ मा सो संख्या बढ्दै ७ सय १४ मुद्दा दर्ता र ९ सय ९९ जना पक्राउ परेका छन् ।

अपराध नियन्त्रण र सुरक्षित समाज निर्माणका लागि प्रदेश २ का ८ वटै जिल्लामा विभिन्न सचेतनामूलक कार्यक्रमका साथै आवश्यक सुरक्षा रणनीति बनाउँदै अघि बढिरहेकोप्रति यस कार्यमा सबै पक्षको सकारात्मक सहयोगको अपेक्षा गरिएको २ नं. प्रदेश प्रहरी कार्यालयले सार्वजनिक गरेको अपराध तथ्याङ्कमा उल्लेख छ ।

# राजविराज नगरपालिका वडा नं. ८ र ९ मा कमिटी गठन



**दैनिक समाचारदाता**
**राजविराज, २१ साउन ।**

नेपाल कम्युनिष्ट पार्टी माओबादी केन्द्रले राजविराज नगरपालिकाको बिभिन्न वडामा कमिटी गठन गरेको छ ।

सो भेलाबाट राजविराज नगरपालिक वडा नं. ८ मा सीताराम लाल दासको अध्यक्षतामा २९ सदस्यीय कमिटी गठन गरिएको छ । सो कमिटिको मो. ईस्लाम सचिव रहेका छन ।

त्यसै गरी कमिटिमा कविता ठाकुर, मिरा गुरुङ्ग, कृष्ण प्रसाद भटराइृ, सरिता भटराई, असियादेवी साह, सकलदेव यादव, पशुपति मण्डल, दिनेश गुरुङ्ग, सुरेन्द्र प्रसाद दास, अजित कुमार साह, ममता कुमारी दास, दुर्गादेवी झा, कालुमान श्रेष्ठ सदस्य रहेका छन ।

यस्तै सुगम्बर यादवको अध्यक्षतामा वडा नं. ९ मा २९ सदस्यीय वडा कमिटी गठन गरिएको छ । गठित समितिको उपाध्यक्षमा सुरेन्द्र मेहता, सचिवमा सुरेन्द्र मण्डल, कोषाध्यक्षमा हरि नारायण यादव रहेका छन ।

सोही कमिटिमा भुपेन्द्र यादव, विजय यादव, भुपेनद्र यादव, मो. ईसराइल, मो. रोजीत, बिरेन्द्र यादव, विनोद यादव, कुशुमलाल यादव, रामकुमार यादव, उपेन्द्र यादव, रामदुलार सदा, पशुपति मण्डल, लखिराम नौनिया, रामकिसुन माली, रामगमन साहलगायत सदस्य

*बाँकी अन्तिम पृष्ठमा*

## हाम्रो जिम्मेवारी : कोरोना भाइरस संक्रमण रोक्नकालागि अपनाउनु होसियारी

- कोरोना भाइरस रोग स्वाँस प्रश्वाँस माध्यमबाट फैलिने संक्रमण हो।
- संक्रमित भएको ब्यक्तिले खोक्दा वा हाच्छ्यु गर्दा निस्किने थुक, खकार रसिङ्गानबाट यो भाइरस एक ब्यक्तिबाट अर्को ब्यक्तिमा सर्न जान्छन्।

**यो रोगबाट जोगिन यस्तो गर्नुपर्छ**

- खोकी वा हाच्छ्यु गर्दा मुख छोप्नुपर्छ। मुख छोपेको टिसूपेपरलाई फोहोर राख्ने भाडामा फाल्नुपर्छ।
- समय-समयमा साबुन पाइनले राम्रोसँग २० सेकेण्डसम्म मिचमिची हात धुनुपर्छ वा सेनिटाईजर हातमा लगाउनुपर्छ। कुनै ब्यक्तिसँग भेट्नुपरेमा हात मिलाउनु हुँदैन, बरु हात जोडेर नमस्कार गरौं।
- खोकी लागेको ब्यक्तिबाट दुरी बनाउनुपर्छ। यदी तपाईलाई खोकी लागेको छ भने तपाई आफु पनि अरू मान्छेबाट दुरी बनाएर बस्नुपर्छ।
- भिडभाडमा जानु हुँदैन र अरुलाई पनि भिडमाडमा जान नहुने भनि बुझाउनुस।
- आवश्यकता भएको ठाउँमा मास्कको उचित प्रयोग गर्नुहोस्।

**महत्वपूर्ण सवाल :**

- ज्वरो र खोकी लागेको र स्वाँस लिंदासमेत असहज महसुस भएमा चाँडै नजिकैको स्वास्थ्य संस्थामा सम्पर्क गर्नुपर्छ।
- कोरोना भाइरस रोगको बारेमा अरू जानकारी प्राप्त गर्न नि:शुल्क टेलिफोन नम्बर १११५ मा फोन गर्न सकिन्छ।
- कोरोना भाइरसबाट डराउनु हुँदैन, बरू सतर्कचाहिं हुनुपर्छ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

## सम्पादकीय

### जनचेतना आवश्यक

दुर्घटना प्राय राजमार्गमै हुने गर्दछ । यसरी राजमार्गमै दुर्घटना हुने कारण के त । यसले आफैमा एउटा प्रश्न खडा गर्छ । किन भने राजमार्गमा प्रहरीले सधै गस्ती गर्नुका साथै प्रहरी चौकी र चेक पोष्टहरु छन् । यी पोष्ट तथा चौकीहरु राख्नुको अर्थ यातायातको गति तिव्र तथा विभिन्न घटनाहरु नहुनदिनु हो ।

तर यी सबैको वास्ता नगरि गाडीहरु आफ्नै धुनमा जाने गरेको पाइन्छ भने प्रहरीहरु पनि यसलाई नदेखे जस्तो गर्छन् । प्रहरीले मात्र लाइसेन्स र ब्लु बुक चेक गरेर पुग्दैन कि सवारीसाधनहरुको गति कम गर्न कडा निर्देशन र ओभरटेक नगर्न समेत चेतना दिनुको साथै राजमार्ग क्षेत्रका व्यक्तिहरुलाई ट्राफिक नियम बारे चेतना जगाउनु आवश्यक भएको छ ।

तसर्थ यस्ता घटना दुर्घटनाहरुबाट मानिसहरुको अकालमै मृत्यु हुने गरेकाले यसलाई रोक्न एवं नियन्त्रण गर्न सम्बन्धित निकायले कडा कदम चाल्नुका साथै जनचेतान समेत आवश्यक पर्छ । यति मात्र नभएर यातायातका साधनहरु पनि आफ्नो गतिमै चलाएर यात्रुहरुले सुरक्षित यात्रा गर्न पाउन वातावरण समेत बनाउनु अहम भूमिका निर्वाह गर्नु पर्दछ ।।

पुरानो रोगको उपचारका लागि सम्पर्क गरौं ।
होमियोप्याथिक रिसर्च इन्स्टिच्युट
डा. सुशील मोहन दास
(बी.एच.एम.एस)
सिरहा रोड, राजविराज फोन : ०३१-५२१९६८

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. दिनेश उप्रेती
Dr. Dinesh Upreti
MBBS, MD Internal Medicine (BPKIHS, Dharan), NMC Reg. No. : 13141
कन्सलटेन्ट फिजिसियन
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. पारसमणि शाह
Dr. Parasmani Shah
MBBS (BPKIHS), MD (BPKIHS, Dharan)
NMC Reg. No. : 13297
दुखाई विशेषज्ञ
Anaesthesiology & Critical Care Medicine
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

# ६ महिनासम्म अनिवार्य शिशुलाई आमाको दूध

काठमाडौँ, २१ साउन (रासस) ।

आमाको दूध बच्चालाई कम्तीमा छ महिनासम्म अनिवार्य खुवाउनुपर्ने विज्ञहरूले सुझाव दिनुभएएको छ । बच्चालाई अन्य रोगबाट बचाउन जन्मेदेखि कम्तीमा छ महिना आमाको दूधमात्र खुवाउनुपर्ने विज्ञहरूले बताउनुभएको छ । आमाको दूध नै बालबालिकाका लागि पहिलो खोप भएकाले जन्मेदेखि छ महिनासम्म अन्य कुनै खाद्य पदार्थ नखुवाई आमाको दूधमात्र खुवाउनुपर्ने हुन्छ ।

स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयका प्रवक्ता डा कृष्णप्रसाद पौडेलले आमाको दूधमा जस्तो अन्यमा पोषिलो पदार्थ नभएकाले कम्तीमा छ महिनासम्म आमाको दूध खुवाउनुपर्ने बताउनुभयो । “छ महिनापछि भने अन्य पोषिलो खाद्य पदार्थसँगै दुई वर्षसम्म आमाको दूध खुवाउनुपर्दछ”, उहाँले भन्नुभयो, “यही दुई ⁄ तीन महिनामा नै अन्य कुरा खुवाउनथाल्यो भने बच्चाको आन्द्रामा केही रोग देखा पर्न थाल्दछन् ।”

शिशु जन्मेपछि केही दिनसम्म आउने बाक्लो, पहेँलो बिगौती दूधमा झनै पोषिलो हुने बताइएको छ । आमाको दूध बच्चाका लगि अमृत समान भएकाले शिशु जन्मेको एक घण्टाभित्र नै स्तनपान गराउनु आवश्यक रहेको उहाँले बताउनुभयो । यही साउन १७ देखि २३ गतेसम्म ‘हामी सबैको साझा जिम्मेवारी, स्तनपान संरक्षण हुन्छ प्रभावकारी’ भन्ने नाराका साथ विश्व स्तनपान सप्ताह नेपालमा पनि विभिन्न कार्यक्रम गरी मनाउन थालिएको छ । सप्ताह कार्यक्रममा स्तनपानको महत्वबारे आमाहरूलाई जानकारी गराइँदै आएको छ ।

स्वास्थ्य सेवा विभागका परिवार कल्याण महाशाखाका निर्देशक डा तारानाथ पोखरेलले शिशु जन्मिनेबित्तिकै दूध खुवाउनुपर्ने बताउनुभयो । उहाँले आमाको दूधबाहेक अन्य खानेकुरा शिशुका लागि पोषिलो नहुने भएकाले बच्चालाई निरन्तर दुई वर्षसम्म स्तनपान गराउनुपर्ने जानकारी दिनुभयो । “शिशु जन्मेपछि छ महिनाको उमेरसम्म उसलाई चाहिने सम्पूर्ण पौष्टिक आहार आमाको दूधमा नै पर्याप्त मात्रामा पाइने भएकाले जन्मेको छ महिनासम्म आमाको दूधमात्र खुवाउनुपर्दछ”, उहाँले भन्नुभयो, “बच्चा जन्मेको छ महिना पूरा भएपछि पोषिलो थप खानाका साथै कम्तीमा दुई वर्षसम्म स्तनपानलाई पनि निरन्तरता दिइनुपर्दछ ।”

नेपाल जनसाङ्ख्यिक तथा स्वास्थ्य सर्वेक्षण २०१६ अनुसार नेपालमा पूर्ण स्तनपान गराउने सङ्ख्या ६६ प्रतिशत, शिशु जन्मेको एक घण्टाभित्र स्तनपान गराउने ५५ प्रतिशत र शिशु जन्मेदेखि दुई वर्षसम्म स्तनपान गराउने ८९ प्रतिशत छ । यसैगरी जन्मनासाथ स्तनपान गराउनुअघि १० नवजात शिशुमध्ये तीन नवजात शिशुलाई घ्यू, मह, चिनी आदि चटाउने गरेको पाइएको विभागको पोषण शाखा प्रमुख केदार पराजुलीले जानकारी दिनुभयो । उहाँका अनुसार नेपालमा जन्मेदेखि एक महिनासम्म आमाको दूध मात्र खुवाउने ८० प्रतिशत छ । शिशु दुईदेखि तीन महिनासम्मको हुँदा आमाको दूध मात्र खुवाउनेको सङ्ख्या घटेर ७२ प्रतिशत पुगेको छ । उहाँले नेपालमा शिशुलाई कहिल्यै पनि स्तनपान नगराउने सङ्ख्या एक प्रतिशत मात्र रहेको बताउनुभयो ।

पोषण शाखा प्रमुख पराजुलीले शिशुलाई स्तनपान गराउन सार्वजनिक ठाउँमा स्तनपान कक्ष निर्माणलाई पनि प्राथमिकतामा राखिएको जानकारी दिनुभयो । उहाँका अनुसार ३०० स्थानीय तहले स्तनपान केन्द्र स्थापना गरिसकेका छन् ।

**आमाको दूध पहिलो खोप**

आमाको दूधलाई पहिलो खोपका रूपमा लिइएको छ । दूधले विभिन्न रोगसँग लड्न क्षमता बनाउने भएकाले आमाको दूधलाई पहिलो खोपका रूपमा लिइएको परिवार कल्याण महाशाखाका निर्देशक डा पोखरेलले जानकारी दिनुभयो ।

शिशु जन्मेपछि केही दिनसम्म आउने बाक्लो, पहेँलो बिगौती दूधमा रोगसँग लड्न एक प्रकारको प्रतिरोधात्मक तत्व रहेको हुन्छ । त्यसले शिशुलाई सङ्क्रामक रोग लाग्नबाट बचाउने हुनाले स्तनपानलाई पहिलो खोपका रूपमा लिइन्छ । “आमाको पोषिलो दूधले रोगविरुद्ध लड्ने क्षमता विकास गरेको हुन्छ”, उहाँले भन्नुभयो, “त्यसैले कुनै रोगसँग लड्नका लागि पहिलो खोप नै आमाको दूध हो ।”

यस्तै जनस्वास्थ्यविद् दीपेन्द्ररमण सिंहले पनि आमाको दूधमा जस्तो पौष्टिक पदार्थ अन्य कुनै पदार्थ नपाइने भएकाले आमाको दूधलाई पहिलो खोपका रूपमा लिइएको बताउनुभयो । “आमाको शरीरले रोगसँग लड्न क्षमता बनाएको हुन्छ”, उहाँले भन्नुभयो, “आमाको दूध बच्चाले खाँदा त्यही रोगसँग लड्न सक्ने क्षमता प्राप्त हुन्छ ।”

यस्तै मन्त्रालयका प्रवक्ता डा पौडेलले आमाको दूधले बच्चालाई अन्य रोगसँग लड्ने क्षमता विकास गर्ने बताउनुभयो । शिशु जन्मेपछि जतिसक्दो चाँडो एक घण्टाभित्रमा उसलाई आमाको बिगौती दूध अनिवार्य खुवाउनुपर्ने उहाँ बताउनुहुन्छ । “आमाको बिगौती दूधले भविष्यमा बालबालिकालाई विभिन्न प्रकारका रोगको जोखिमबाट टाढा राख्दछ”, उहाँले भन्नुभयो । आमाको दूधले बाल मृत्युदर घटाउनाका साथै आमाको स्वास्थ्यमा समेत सकारात्मक प्रभाव पार्ने गर्दछ । मन्त्रालयले आमाको दूधको सट्टा बट्टा र गाई भैंसीको दूध पनि नखुवाउन आग्रह गरेको छ ।

बट्टाको दूध सेवन गर्ने शिशुमा रोगसँग लड्ने क्षमताको कमी हुँदै भविष्यमा कुपोषण मात्र नभएर मोटोपना, मधुमेहलगायतका रोग लाग्न सक्ने अध्ययनले देखाएको पोषण शाखा प्रमुख पराजुलीले जानकारी दिनुभयो । बट्टाको दूध सेवन गर्नेभन्दा स्तनपान गर्ने शिशुको बौद्धिक शक्तिको विकास राम्रो भएको पाइन्छ । छ महिनासम्म आमाको दूधमात्र खवाउँदा बाल मृत्युदर १३ प्रतिशतले कमी ल्याउन सकिने अध्ययनले देखाएको छ ।

**‘हचुमन मिल्क बैंक’**


मन्त्रालयले परोपकार प्रसूति तथा स्त्रीरोग अस्पतालमा यस वर्ष ‘हचुमन मिल्क बैक’ स्थापना गर्ने भएको छ । आमाको दूध सङ्कलन गरी शिशुलाई खुवाउनका लागि बैंक स्थापना गर्न थालिएको हो । पोषण शाखा प्रमुख पराजुलीले बढी दूध आउने आमाबाट सङ्कलन गरेर शिशुलाई खुवाइने बताउनुभयो । “आमाले आफ्नो बच्चाभन्दा बढी दूध आउने इच्छुक आमाले बैंकमा गएर दूध दिनेछन्”, उहाँले भन्नुभयो, “यसरी सङ्कलन भएको दूध आमाको दूध नआउने बच्चालाई दिइने छ ।” उहाँले बैंकका लागि विभागले रु एक करोड विनियोजन गरिएको जानकारी दिनुभयो ।

विश्वमा स्तनपानको अभ्यास सुधार गरिएमा वार्षिक विश्वभर आठ लाख २० हजार शिशुको ज्यान जोगाउन सकिने र रु ३०० अर्ब बचाउन सकिने अध्ययनले देखाएको छ ।

**सङ्क्रमित आमाले पनि दूध खुवाउन सक्ने**

नर्सिङ तथा सामाजिक सुरक्षा महाशाखा निर्देशक रोशन तुईतुईले कोभिड-१९ को सङ्क्रमण देखिएमा जनस्वास्थ्यका मापदण्ड अपनाएर स्तनपान गराउनुपर्ने बताउनुभयो । उहाँले शिशुलाई स्तनपान गराउनुअघि साबुनपानी वा स्यानिटाइजरले हात धुनुपर्ने र मास्क लगाउनुपर्ने जानकारी दिनुभयो । उहाँले आमाको अवस्था गम्भीर भए दूध निचोरेर सफा भाँडामा राखेर चम्चाबाट खुवाउन आग्रह गर्नुभयो ।

उहाँले आमाको दूध राम्रो आउनका लागि गर्भावस्थादेखि नै तयारी थाल्नुपर्ने बताउनुभयो । उहाँका अनुसार शारीरिक, मानसिक, परिवारको साथ सहयोग ठूलो आधार हुन्छ । प्रोल्याक्टिन र अक्सिटोसिन हर्मोनको दूध बनाउने मुख्म भूमिका रहेकाले गर्भावस्थादेखि नै दूध बनाउने तयारी आमाले गर्नुपर्ने उहाँको भनाइ छ ।



# ‘एमाले एकतातर्फ उन्मुख’

काठमाडौँ, २१ साउन (रासस)।

नेकपा (एमाले) को वरिष्ठ नेता माधवकुमार नेपाल पक्षीय केन्द्रीय कमिटीका अधिकांश सदस्यले पार्टीको आन्तरिक समस्या समाधान कार्यदलले दिएको सुझाव र पहलबमोजिम एकताबद्ध पार्टी निर्माणको दिशामा अग्रसर हुनुपर्नेमा जोड दिएका छन्।

सो पक्षको बिहीबार शुरु भएको बैठकमा आफूहरू वर्तमान सरकारमा सहभागी हुने सम्भावना नभएको र प्रतिपक्षमा रहने भन्ने विषयमा दुईमत नभएको स्थायी कमिटीका सदस्य रघुजी पन्तले बताउनुभयो। बैठकपछि सञ्चारकर्मीलाई प्रतिक्रिया दिँदै उहाँले अध्यक्ष केपी शर्मा ओली र नेता नेपाल पक्षका कार्यदलका नेताहरूले पहल जारी राखेकाले समझदारी हुने विश्वास व्यक्त गर्नुभयो। “हामी एकतातर्फ अघि बढिहरहेका छौँ। एकतातर्फ हाम्रा पाइला अगाडि बढेका छन्। वार्ता जारी छ। दुवैतर्फको वार्ता टोली वार्तामा छन्। वार्ता निरन्तर अगाडि जारी रहनेछ”, नेता पन्तले भन्नुभयो, “हामी सरकारमा जाने कुनै सम्भावना छैन। हामी एउटै पार्टीमा छौँ। प्रतिपक्षमा छौँ।”

उहाँले सुकुम्बासी आयोगलाई सरकारले खारेज गरेका विषयमा चासो व्यक्त गर्दै सुकुम्बासी समस्या समाधान गर्ने गरी सरकारले त्यही आयोगलाई थपघट गरेर नियुक्ति दिन पनि सक्ने तथा यस्ता विषयमा राष्ट्रिय सहमतिमा साथ अघि बढ्न सरकारले पहल गर्नुपर्ने बताउनुभयो।

काठमाडौँको बुद्धनगरमा ७० भन्दाबढी सदस्य सहभागी बैठकमा अहिले केन्द्रीय सदस्यले पार्टीमा देखिएको समस्या र पार्टी एकताका विषयमा धारणा राखिरहेका बैठकमा सहभागी नेता झपटबहादुर रावलले जानकारी दिनुभयो।

नेपाल समूहले पार्टीभित्रको एकता, अध्यक्ष ओलीले पछिल्लो समयमा गरेका निर्णय र सरकारमा सहभागिताका विषयमा छलफल गर्न बैठक बोलाएको जनाएको छ। उहाँका अनुसार बैठकको शुरुमा पार्टीका वरिष्ठ नेता नेपालले समसामयिक विषयमा भनाइ राख्नुभएको र त्यसपछि उपाध्यक्ष डा भीम रावलले पार्टी एकताका विषयमा आन्तरिक समस्या समाधानका लागि बनेको कार्यदलले गरेको सहमति र प्रयासबारे जानकारी गराउनुभएको थियो। सो पक्षको बैठक शुक्रबार बिहान ११ बजे पुनःबस्नेछ।

# कार्यदलद्वारा साझा कार्यक्रम र सरकार सञ्चालन कार्यविधि तयार

काठमाडौँ, २१ साउन (रासस)।

सत्तारुढ गठबन्धनको कार्यदलले सरकार सञ्चालनका लागि न्यूनतम साझा कार्यक्रम र कार्यविधि तयार गरेको छ।

प्रधानमन्त्री निवास बालुवाटारमा बिहीबार बसेको कार्यदलको बैठकले सो कार्यविधिको अन्तिम खाका तयार पारेको हो। उक्त कार्यविधि सत्ता साझेदार दलका शीर्ष नेतालाई छिट्टै बुझाइने छ। “चाँडै नै प्रतिवेदन शीर्ष नेतृत्वलाई बुझाउँछौँ”, कार्यदलका सदस्य सचिव केशवराज जोशीले भन्नुभयो। कार्यविधिलाई अन्तिम रुप दिन कार्यदलको बिहीबार बिहानैदेखि बैठक बसेको थियो। उक्त बैठकमा नेपाली कांग्रेसका महामन्त्रीसमेत रहनुभएका कार्यदलका संयोजक पूर्णबहादुर खड्कासहित कांग्रेसका डा मिनेन्द्र रिजाल र रमेश लेखक, नेकपा (माओवादी केन्द्र) का देव गुरुङ र वर्षमान पुन तथा जनता समाजवादी पार्टी (जसपा) का राजेन्द्र श्रेष्ठ र महेन्द्रराय यादव सहभागी हुनुहुन्छ।

कार्यदलले गठबन्धन सरकारको प्राथमिकता, सरकारको नीति तथा कार्यक्रम, सङ्घीयताको कार्यान्वयनलगायत विषय समेटेर साझा कार्यक्रमको मस्यौदा तयार गरेको छ। सत्तारुढ शीर्ष नेतृत्वले छलफल गरी सो प्रतिवेदन सार्वजनिक गर्ने सदस्य सचिव जोशीले जानकारी दिनुभयो। न्यूनतम साझा कार्यक्रमको टुङ्गो लगाएपछि केही दिनभित्र सरकारले पूर्णता पाउने बताइएको छ।




## तीन जार ९३८ मा संक्रमण

काठमाडौँ, २१ साउन (रासस)।

कोरोना भाइरसको सङ्क्रमण बिहीबार एकैदिन तीन हजार ९३८ जनामा देखिएको छ।

स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले सार्वजनिक गरेको तथ्याङ्कअनुसार बिहीबार १८ हजार ४०८ जनामा परीक्षण गर्दा तीन हजार ९३८ जनामा सङ्क्रमण देखिएको हो। बुधबार चार हजार १०७ जनामा देखिएको थियो।

अहिलेसम्म यो सङ्क्रमणबाट निको हुने छ लाख ६३ हजार ६६३ पुगेका छन्। नेपालमा निको हुने दर ९३.७ प्रतिशत रहेको छ।

यस्तै विगत २४ घण्टामा ३७ जनाको यही सङ्क्रमणका कारण निधन भएको छ। अहिलेसम्म नौ हजार ९९४ जना निको भएको बताइएको छ। सक्रिय सङ्क्रमित ३४ हजार ४२२ जना रहेका छन् भने ३१ हजार १०८ जना होम आइसोलेशन, तीन हजार ३१४ जना संस्थागत आइसोलेशन र ३७५ जना क्वारेन्टिनमा रहेका छन्।

मन्त्रालयका अनुसार ७१३ जना सघन उपचार कक्ष र १५८ जना भेण्टिलेटरमा उपचार गराइरहेका छन्। यस्तै विगत २४ घण्टामा एक लाख १७ हजार ७७९ ले कोरोना भाइरसविरुद्धको खोप लगाएका छन्। पहिलो मात्रा खोप ४३ लाख ५९ हजार २७७ जनाले र पूर्ण मात्रा खोप २१ लाख ३० हजार ९०० ले लगाएका छन्।

# विश्व समाचार

## अमेरिकामा आगामी चार हप्ता कोभिड सङ्क्रमित र मृत्यु हुने दर बढ्न सक्ने

वासिङ्टन, २१ साउन (रासस/सिन्ह्वा)।

अमेरिकामा पछिल्लो समयमा कोभिड-१९ को सङ्क्रमण बढ्ने देखिएको छ।

पछिल्ला केही समयमा सङ्क्रमण बढेपछि कतिपय राज्यमाा मास्क लगाउन अनिवार्य पनि गरिएको छ।

त्यसैगरी कतिपय अस्पतालमा कोभिड सङ्क्रमित बढेका समाचार पनि आइरहेका बताइएको छ। अमेरिकी संस्था “सेन्टर फर डिजीज कन्ट्रोल एण्ड प्रिभेन्सन”ले आगामी चार हप्तामा अमेरिकामा कोभिडका सङ्क्रमित बढ्न सक्ने बताइएको छ।

सो संस्थाका अनुसार आगामी चार हप्तामा यहाँका अस्पतालमा भर्ना हुने दर बढ्ने तथा उपचारका लागि आएका व्यक्ति मृत्यु दर पनि बढ्न सक्ने अनुमान गरिएको छ।

सो संस्थाले बुधबार विज्ञप्ति प्रकाशसित गर्दै कोभिडको सङ्क्रमण अबका चार हप्तामा बढ्न सक्ने देखिएकोले यसको नियन्त्रणका लागि जनस्वास्थ्यका मापदण्ड अपनाउन सबै नागरिकमा अपिल पनि गरेको छ।

आगामी चार हप्ता अर्थात् अगष्ट महिनाको २८ तारिखसम्ममा दुई हजार ३०० देखि बढीमा नौ हजारसम्म मृत्यु हुने सक्ने पनि विज्ञप्तिमा उल्लेख गरिएको छ।

यी चार हप्तामा बढीमा २४ हजार जना जति सङ्क्रमित अस्पताल भर्ना गर्नुपर्ने अवस्था आउने पनि सो संस्थाले विज्ञप्तिमार्फत जनाएको छ।

यसका साथै आगामी चार हप्तामा अमेरिकामा तीन लाख ५० हजार देखि १८ लाखसम्म नै नयाँ सङ्क्रमित थपिन सक्ने पनि जानकारी दिइएको छ।

बुधबारसम्म यहाँ छ लाख १४ हजार ७०० जनाको निधन भएको छ। यहाँ पछिल्लो समयमा मृत्यु हुने दर निकै घटे पनि सङ्क्रमित भने थोरै मात्र थपिने अनुमान गरेको छ।

केही दिन यता यो सङ्क्रमण दर बढ्दै गएको देखिए पनि हालसम्म अमेरिकामा ३५.४ जना कोभिडका सङ्क्रमित हुन पुगेका छन्।

## अफगानिस्तानमा एकैदिनमा २७४ तालिवान लडाकू मारिए

काबुल, २१ साउन (रासस/एएनआई)।

सरकारी सुरक्षाकर्मीको सुरक्षा कारबाहीका क्रममा अफगानिस्तानमा एकै दिनमा २७४ तालिवान लडाकू मारिएका छन्।

देशका विभिन्न प्रान्तमा भएका घटनामा परी उनीहरुको मृत्यु भएको र अरु ११९ घाइते भएका अधिकारीले जनाएका छन्।

विषेश गरेर नान्गार्हार, कन्दहर, फराह, हेरात, हेल्मान्ड, तखार, कुन्दुज र बघ्लान प्रान्तमा सरकारी सुरक्षाकर्मीले सुरक्षा कारबाही चलाएका हुन्।

लडाकूको आश्रयस्थल र उनीहरुले गरिरहेका गतिविधिका बारेमा प्राप्त सूचनाका आधारमा सुरक्षाकर्मीले सुरक्षा कारबाही गरेको बताइएको छ।

अफगानिस्तानका धेरै सहरमा लामो समयदेखि सरकारी सुरक्षाकर्मी र विद्रोही लडाकूका बीचमा झडप तथा भीडन्त हुने गरेको छ।

अफगानिस्तानमा लामो समयदेखि चलिरहेको गृहयुद्धका कारण हजारौँका मृत्यु भएको छ भने लाखौँ मानिस पीडित भएका छन्।

## भारतमा झण्डै ४३ हजार नयाँ सङ्क्रमित

नयाँ दिल्ली, २१ साउन (रासस/एएनआई)।

भारतमा कोरोनाभाइरसबाट थप झण्डै ४३ हजार नयाँ सङ्क्रमित थपिएका छन्।

सरकारी अधिकारीले बिहीबार दिएको जानकारीअनुसार पछिल्लो २४ घण्टामा भारतमा ४२ हजार ९८२ जना नयाँ सङ्क्रमित थपिएका हुन्।

सोही अवधिमा अरु ५३३ जनाको कोरोनाभाइरसका कारण मृत्यु भएको पनि केन्द्रीय स्वास्थ्य मन्त्रालयले जनाएको छ।

भारतमा कोरोनाभाइरसबाट सङ्क्रमित भएर पनि पछिल्लो एक दिनमा सङ्क्रमणमुक्त भएकाको सङ्ख्या ४१ हजार ७२६ रहेको छ।

मन्त्रालयले दिएको जानकारीअनुसार भारतमा अहिलेसम्म कुल तीन करोड १८ लाख १२ हजार ११४ जना कोरोनाभाइरसबाट सङ्क्रमित भएका छन्।

कुल सङ्क्रमितमध्ये तीन करोड नौ लाख ७४ हजार ७४८ जना सङ्क्रमणमुक्त भएको मन्त्रालयले जनाएको छ।

त्यसैगरी भारतमा अहिलेसम्म कोरोनाका कारण चार लाख २६ हजार २९० जनाको मृत्यु भएको तथ्याङ्क रहेको छ।

मन्त्रालयका अनुसार भारतमा अहिलेसम्म ४७ करोड ४८ लाख मानिसको कोरोना परीक्षण गरिएको छ भने ४८ करोड ९३ लाख मानिसलाई कोरोनाभाइरस विरुद्धको खोप लगाइएको छ।

# सात कम्पनी कालोसूचीमा

काठमाडौँ, २१ साउन (रासस)।

सम्झौताअनुसार निर्माण सम्पन्न नगरेको भन्दै सरकारले विभिन्न सात कम्पनीलाई कालोसूचीमा राखेको छ। विभिन्न कार्यालयको सिफारिसमा सार्वजनिक खरिद अनुगमन कार्यालयले ती कम्पनीलाई एक वर्षसम्मका लागि कालोसूचीमा राखेको हो।

खरिद कार्यालयको बुधबार बसेको बैठकले बिहीबारदेखि लागू हुनेगरी एके एण्ड गान्बा कन्स्ट्रक्सनलाई दुई वर्षका लागि कालोसूचीमा राखेको छ। कारागार व्यवस्था विभागको सिफारिसका आधारमा उक्त कम्पनीलाई दुई वर्षका लागि कालोसूचीमा राखिएको हो।

यस्तै महाशिला गाउँपालिका पर्वतको सिफारिसमा कालीगङ्गा निर्माण सेवा कुश्मा, सडक विभाग सङ्घीय सडक सुपरिवेक्षण तथा अनुगमन कार्यालय सडक डिभिजन कार्यालय दमकको सिफारिसमा कण्टा निर्माण सेवा र सङ्घीय सडक सुपरिवेक्षण तथा अनुगमन कार्यालय पोखराको सिफारिसमा लटिनाथ कन्स्ट्रक्सन सेवा कैलालीलाई एक/एक वर्षका लागि कालोसूचीमा राखिएको हो।

यस्तैगरी सिद्धिचरण नगरपालिका ओखलढुङ्गाको सिफारिसमा अम्बर सप्लायर्स एण्ड ट्रेडर्स, प्रदेश लोकसेवा आयोग प्रदेश नम्बर १ विराटनगरको सिफारिसमा आविद निर्माण सेवा र नेपाली सेवा जगदल गण जोमसोमको सिफारिसमा विक्रम खाद्य स्टोर साँगालाई एक/एक वर्षमा लागि कालोसूचीमा राखिएको हो।

कालोसूचीमा परेका कम्पनीले एक वर्षसम्म सरकारी निकायको कुनै पनि खरीद तथा निर्माणका कार्यमा भाग लिन पाउने छैनन्। कालोसूचीमा राख्नुभन्दा अगाडि सम्झौता भएका कार्य भने निरन्तरता हुने कार्यालयले जनाएको छ।

## *राजविराज नगरपालिका ...*

रहेका छन।

राजविराजस्थित कृष्ण मन्दिरमा सम्पन्न बैठकले जिल्ला कमिटी सदस्य रामगमन साहको अध्यक्षतामा तथा प्रदेश कमिटी सदस्य महेश प्रसाद यादवको प्रमुख आतिथ्यमा प्रदेश कमिटी सदस्य छेदी रजक, जिल्ला सदस्य जय प्रकाश यादव, मेक बहादुर तामाङ्ग, प्रदेश २ ख का अध्यक्ष तथा जिल्ला सदस्य मुकेश यादव, अखिलका केन्द्रिय सदस्य तथा जिल्ला ईन्चार्य जेपी यादव, युवाका जिल्ला ईन्र्चाज मधुसुदन यादव, युवाका जिल्ला अध्यक्ष भुपेन्द्र प्रसाद यादव जिल्ला सदस्य बैधनाथ यादव, प्रेस संगठन कार्यालय सदस्य देबराम यादव, प्रेस संगठनका दिनानाथ यादवसहितको उपस्थिती रहेको थियो।




नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

# मास्क अभियान यही साउन २३ गतेदेखि

काठमाडौँ, २१ साउन (रासस)।

स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले यही साउन २३ देखि २९ गतेसम्म देशभर मास्क अभियान सञ्चालन गर्ने भएको छ। 'महामारी नियन्त्रण र रोकथाममा मेरो प्रतिबद्धता मास्क लगाउनु नै आजको आवश्यकता' भन्ने मूलनाराका साथ मन्त्रालयले अभियान सञ्चालन गर्न थालेको हो। मन्त्रालयले मास्क लगाई मानिसको व्यवहारमा परिवर्तन गर्न अभियान सञ्चालन गर्न थालेको बताइएको छ।

मन्त्रालयका सहप्रवक्ता डा समीरकुमार अधिकारीले कोरोना भाइरसबाट बच्न मास्क अभियान सञ्चालन गर्न थालिएको बताउनुभयो। उहाँले जनस्वास्थ्यमा मापदण्ड उल्लघङ्न भएको र मास्क लगाउन पनि लापरवाही गरेकाले स्वास्थ्यको मापदण्ड तथा मास्कको महत्वबारे जानकारी गराउन अभियान शुरु गर्न लागिएको जानकारी दिनुभयो।

"महामारी नियन्त्रणमा खोप जतिकै मास्क, सेनिटाइजरसँग जनस्वास्थ्यको भूमिका पनि महत्वपूर्ण रहेको छ", उहाँले भन्नुभयो, "सबै नेपालीलाई महामारी नियन्त्रणमा मास्कको भूमिकाबारे जनचेतना जगाउन आवश्यक छ।" म पनि मास्क लगाउँछु र अरुलाई पनि मास्क लगाउन प्रेरित गर्छु भन्ने सन्देश दिई कोभिड-१९ को रोकथाम तथा नियन्त्रण गर्न अभियान सञ्चालन गरिएको हो। कोरोना भाइरसबाट बच्न बढी प्रभावकारी उपाय भनेको नै मास्क रहेकाले सबैले अनिवार्य मास्क लगाउनसमेत उहाँले आग्रह गर्नुभयो।

सङ्क्रमण दिनानुदिन बढे पनि मानिसले सही तरिकाले मास्क नलगाउने गरिएको पाइएको छ। स्वास्थ्य सेवा विभागको राष्ट्रिय स्वास्थ्य, शिक्षा तथा सूचना केन्द्रका निर्देशक डा राधिका थपलियाले मास्कबारे जनचेतना मात्र नभइ मास्कले मानिसको व्यवहारमा परिवर्तन गर्न अभियान शुरु गर्न थालिएको बताउनुभयो। उहाँले मास्कलाई सही तयारीले लगाउन सिकाउनका लागि अभियान सञ्चालन गरिएको जानकारी दिनुभयो।

"मास्क लगाए पनि कतिपयले बोल्दा मास्क फुकाल्ने, चिउडोमा लगाउने, सही तरिकाले मास्क नलगाउने जस्तो देखिएको छ", उहाँले भन्नुभयो, "यसपटक मास्कको जनचेतना नभएर मास्क लगाई मानिसको व्यवहारमा परिवर्तन गर्न अभियान सञ्चालन गर्न थालिएको हो।"

स्थानीय तहले पनि आ-आफ्नो क्षेत्रमा मास्क कसरी लगाउने भनेर सिकाउने छन्। उहाँका अनुसार स्वास्थ्य स्वयमसेविकामार्फत गाउँटोलमा मास्कको महत्वबारे टोलटोलमा सिकाइने छ। सात दिनसम्म मास्कको महत्व र लगाउने तरिका सिकाइने छ। अहिले दैनिक सङ्क्रमित बढेपछि जोखिम पनि बढेको छ। बुधबार मात्र चार हजार १०७ व्यक्तिमा सङ्क्रमण देखिएको थियो।




नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस्।
हाम्रो सेवाहरु
नेपाल सहकारी संस्था लि.
राजविराज ४, फोन नं. ०३१-५२१०९६
ipay remit
City Express Money Transfer
Best Remit
Prabhu Money Transfer
रकम पठाउन तथा पाउनका लागि भरपर्दो माध्यम
IME International Money Express
himal remit हिमालरेमिट
CG Money

प्रकाशक : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), सम्पादक : अनिलकुमार अनल (९८४२८३४९१७), सहसम्पादक : दीपककुमार गुप्ता (९८४१५१३२९९), लेआउट : संजय शेखर, मुद्रण : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५२०७६८ (कार्यालय), इमेल : *rajbirajdainik@gmail.com*, वेबसाइट : *rajbirajdainik.com.np*